# उर्लाबारी नगरपालिकाको सार्वजानिक सुनुवाई कार्यक्रमको प्रतिवेदन-२०७२



**मिति: २०७२।०७।३०**

**स्थान: उलाबारी बौद्धगुम्बाको सभाहल**


**समय: दिनको ठिक ११:०० देखी ०२:०० बजे सम्म**

# विषयसुची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | प्रतिवेदनको पृठपोषण | २ |
| २ | उर्लाबारी नगरपालिकाको परिचय | २ |
| ३ | कार्यक्रममा उपस्थित सहभागिहरुको विवरण | ४ |
| ४ | कार्यक्रमको उदेश्य | ५ |
| ५ | प्रथम चौमासिक सम्मको प्रगति | ६-७ |
| ६ | छलफलमा उठाएका जिज्ञासा तथा प्रश्नहरु | ८ |
| ७ | जिज्ञासा तथा प्रश्नहरुको स्पष्टता | ९ |
| ८ | कार्यक्रमका सबल पक्षहरु | १० |
| ९ | कार्यक्रमका सुधारात्मक पक्षहरु | १० |
| १० | निश्कर्ष तथा आगामी प्रतिवद्धता | ११ |
| ११ | सुझाव तथा सिफारिस | ११ |
| | कार्यक्रमका झलकहरु | |
| १३ | कार्यक्रमको बैठकको प्रतिलिपी | अन्तिम |


**पृष्ठपोषण:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार स्थानीय निकायहरुले आफ्नो कार्यप्रगतिको बारेमा कम्तिमा ६ महिनामा सार्वजनिक सुनुवाई गर्नका लागि सार्वजनिक सुनुवाई कार्यविधि २०६७ लागु गरेको छ । स्थानीय निकाय र नगरिकहरुको बिचमा दोहोरो संवाद गराई त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक तरीकाले प्रतितिधित्व गराई पारदर्शिता तथा जवाफदेहिताको माध्यमद्वारा सुशासन स्थापीत गरी स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवार बनाउन स्थानीय निकायले सार्वजनिक सुनुवाई कार्यलाई व्यवस्थि तगर्न सार्वजनिक सुनुवाई कार्यविधि -२०६७ तर्जुमा गरिएको हो । सार्वजनिक सुनुवाई गनुको प्रमुख उदेश्य स्थानीय निकायबाट पारित गरिएको योजना तथा विकासका कार्यक्रम, उपलब्ध सेवा र सुविधाहरु सार्वजनिक गरि त्यस्ता विषयमा सेवाग्रही तथा नगरिकहरुले उठाएका प्रश्नहरुमा स्पष्टताल्याउने र नागरिकबाट प्रपाप्त रचनात्मक सुझावलाइए ग्रहण गर्न तथा जिम्मेवार बहन गर्न सक्षम बनाउने हो । विगतमा गरेका योजना, नीति अनुसार कार्य प्रगति भयो भएन भनि हेर्न पनि सार्वजनिक सुनुवाई गरिन्छ । सार्वजनिक सुनुवाई स्थानीय निकायहरुले एक आर्थिक वर्षको कम्तिमा दुई पटक अनिवार्य रुपमा सञ्चालन गर्नुपर्ने हुन्छ ।

## उर्लाबारी नगरपालिकाको पृठभुमि र परिचय




मोरङ जिल्लाको सदरमुकाम देखी करिब ६० किलोमिटर पुर्व झापा जिल्लाको पश्चिम बंगालसँगको सिमानामा रहेको मोरङ जिल्लाकै दोस्रो ठुलो सुन्दर तथा आर्कषण पुर्व पश्चिम राजमार्गसँगै रहेको उर्लाबारी नगरपालिका गत २०७१।०१।२५ गते नगरपालिका घोषणा भएको मध्ये एक नगरपालिका हो । मोरङ जिल्लाकै दोस्रो शहरको रुपमा रहेको उर्लाबारी नगरपालिकाको पुर्वतर्फ झापा जिल्लाको दमक नगरपालिका, पश्चिम तर्फ सँगै नगरपालिका घोषण भएको पथरिशनिश्चरे नगरपालिका, उत्तर मधुमल्ला गाविस र दक्षिण तर्फ राजघाट गाविस रहेको छ । उर्लाबारी नगरपालिकाको कुल क्षेत्रफल २८ वर्ग कि.मि. रहेको छ । यस नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । २०६८ सालको जनगणना अनुसार यस नगरपालिको कुल घरधुरी संख्या ८१६५ र जनसंख्या ३५१६६ (महिला १८८८१ र पुरुष १६२८५) रहेको छ । यस नगरपालिका भित्र उच्च शिक्षा र शिक्षाका लागि बहुमुखी क्याम्पसहरु, उच्च शिक्षा परिषद द्वारा सञ्चालित उच्चमावि, नीजि तथा सार्वजनिक माध्यामिक, निम्न माध्यमिक, प्रथामिक र वालशिक्षा विद्यालयहरुको जमघट भएको शिक्षा क्षेत्र, पर्यटन तथा पर्यावरणको हिसावले वेतिनी सिमसार, वौद्ध गुम्बा, विभिन्न वस्तिहरुमा मन्दिर, मस्जित तथा गुम्बा लगायतका धार्मिक स्थलहरु, सयौ व्यवसायिक होटेल तथा सुन्दर व्यपारिक केन्द्रका बजारहरु र दर्जनौं यातायातका सुविधा सम्पन्न बजार र सवै जातजातिको मिश्रित वसोवास रहेको राजनैतिक एकताले परिचित उर्लाबारी नगरपालिका रहेको छ ।

## कार्यक्रमको परिचयः



उर्लाबारी नगरपालिकाको आयोजना तथा रेडियो ईन्द्रणी ९७.५ को समन्वयमा २०७२ कार्तिक ३० गते आर्थिक वर्ष योजना सञ्चालन गर्दा आएका चुनौति र सिकाई साथै आगामि वर्षको लागि प्रस्तावित योजनाहरुका बारेमा तेस्रो पक्ष सहजकता सञ्चार क्लब नेपालका अध्यक्ष श्री घनश्याम भण्डारीको.सहजिकरणमा दिनको ११ बजे देखी २ बजेसम्म उर्लाबारी नेपाल बौद्धगुम्बाको सभाहलमा सम्पन्न गरिएको थियो । सो कार्यक्रममा उर्लाबारी नगरपालिकामा प्रतिनिधित्व गर्ने प्रमुख राजनैतिक दल सहित ८ पार्टिको प्रमुखहरु, एककृत योजना तर्जुमा समितिका पदाधिकारिहरु, वडा नागरिक मञ्चका संयोजकहरु लगायत सदस्यहरु, नागरिक सचेतना केन्द्रका सहभागिहरु, नगर सामाजिक समन्वय समितिका संयोजकहरु, स्थानीय बुद्धिजिविहरु, सुरक्षा निकाय, विभिन्न संघ सस्था, उपभोत्ता समिति, सञ्चारकर्मी, पत्रकारहरु, लक्षित वर्गका प्रमुख तथा प्रतिनिधिहरु सहित १७५ जनाको उपस्थितिमा कार्यकारी अधिकृत श्री सुवास श्रेष्ठले कार्यप्रगति प्रस्तुत गर्नुभएको थियो

## ।सार्वजनिक सुनुवाई कार्यक्रमका उपस्थित सहभागिहरुको विवरण





| क.सं. | नाम | पद, संघसस्था/कार्यालयको नाम तथा ठेगाना |
|---|---|---|
| १ | श्री सुवास श्रेष्ठ | कार्यकारी अधिकृत, उर्लाबारी नगरपालिका |
| २ | श्री केशव कार्की | अध्यक्ष, उर्लाबारी नगर विकास समिति |
| ३ | श्री वीरवल थापा | सभापती, नेपाली कांग्रेस , उर्लाबारी |
| ४ | श्री मित्र प्रसाद ढकाल | संयोजक, वडा नागरिक मञ्च ६ |
| ५ | श्री राजेन्द्र कार्की | अध्यक्ष, राष्टिय प्रजातन्त्र पार्टि, उर्लाबारी |
| ६ | श्री होम प्रसाद ओली | संयोजक, वडा नागरिक मञ्च |
| ७ | श्री राधाकृष्ण पोखल | संयोजक, वडा नागरिक मञ्च ३ |
| ८ | श्री होमनाथ सापकोटा | वडा नागरिक मञ्च ५ |
| ९ | श्री सुविदार बि.बि. | न.पा. ३ |
| १० | श्री ज्ञान प्रसाद निरौला | संयोजक, वडा नागरिक मञ्च, १ |
| ११ | श्री नरेन्द्र काफ्ले | संयोजक, वडा नागरिक मञ्च ४ |
| १२ | श्री पात्रे धिमाल | संयोजक, वडा नागरिक मञ्च २ |
| १३ | श्री तिलक लामा | वडा नागरिक मञ्च |
| १४ | श्री लक्ष्मि प्रसाद सिग्देल | वड नं ९ |

| | | |
|---|---|---|
| १५ | श्री व्यास लिम्बु | वडा नं ६ |
| १६ | श्री एन कुमारी दाहाल | वडा नागरिक मञ्च सदस्य वडा नं १ |
| १७ | श्री महेद्रजंग तामाङ्ग | उर्लाबारी २ |
| १८ | श्री चिन्तामणी पौडेल | उर्लाबारी ३ |
| १९ | श्री निर्मल कुमार राई | उर्लाबारी गजल मञ्च |
| २० | श्री आदेश नेपाल | उर्लाबारी नगर स्तरिय बाल क्लब |
| २१ | श्री इन्दिया आचार्य | वडा नं. ४ |
| २२ | श्री शान्ति नेपाली | पाथिभारा नागरिक सचेतना केन्द्र, उर्लाबारी १ |
| २३ | श्री प्रलाद थापा | उर्लाबारी नगर प्रमुख, राष्टिय प्रजातन्द्र पार्टी |
| २४ | श्री तेजकुमार रिजाल | समावेशी |
| २५ | श्री घनश्याम भण्डारी | अध्यक्ष, सञ्चाल क्लब नेपाल |
| २६ | श्री सुवासचन्द्र सापकोटा | श्री राधिका माध्यमिक विद्यालय, उर्लाबारी |
| २७ | श्री रामकुमार बुढाथोकी | उर्लाबारी ६ |
| २८ | श्री मनी कुमार वानेम | संयोजक, वडा नागरिक मञ्च |
| २९ | श्री निर्मला गौतम | सदस्य, योजना तर्जुमा समित उर्लाबारी नगरपालिका |
| ३० | श्री अर्जुन राजवंशी | रेडियो ईन्द्रेणी |
| ३१ | श्री अभिषेख वि.क. | अपाङ्ग समुह, दृष्टिविहिन |
| ३२ | श्री चन्द्र बहादुर कार्की | ,, |
| ३३ | श्री बसन्त पौडेल | हलुका सवारी चालक, उर्लाबारी नगरपालिका |
| ३४ | श्री सृजना नेपाल | उर्लाबारी नगरपालिका कर्मचारी |
| ३५ | श्री शोभा चेम्जोङ्ग | उर्लाबारी २ |
| ३६ | श्री वान सुब्बा | उर्लाबारी ७ |
| ३७ | श्री गीता अधिकारी | उर्लाबारी ५ |
| ३८ | श्री चिन्तामणि भण्डारी | उर्लाबारी ३ |
| ३९ | श्री राजेन्द्र पौडेल | ए. माओवादी उर्लाबारी अध्यक्ष |
| ४० | श्री सन्तोष लोहनी | संघिय विविध पार्टी नेपाल उर्लाबारी उपाध्यक्ष |
| ४१ | श्री जगन्नाथ भट्टराई | पुर्वज्योती साप्ताहिक |
| ४२ | श्री दामपीचारो तामाङ्ग | अन्तरपार्टी महिला संजाल |
| ४३ | श्री हेमन्त ठाकुर | पिछडावर्ग |
| ४४ | श्री तिला कार्की | उर्लाबारी ४ |
| ४५ | श्री देवी भण्डारी | उर्लाबारी ७ |
| ४६ | श्री सोमनाथ ढकाल | कार्यालय सहायक उर्लाबारी नगरपालिका |
| ४७ | श्री मदनबाबु प्रसाँई | नेपाल रेडक्रस सोसाइटी |
| ४८ | श्री महेश लामिछाने | कार्यक्रम संयोजक( LGCDP) उर्लाबारी नगरपालिका |

| | | |
|---|---|---|
| ४९ | श्री तिलक रोका | सदस्य, दलित समित उर्लाबारी |
| ५० | श्री सुर्य श्रेष्ठ | उर्लाबारी १ |

## सार्वजनिक सुनुवाईको उदेश्यहरुः

- ❖ आ.व. २०७२/७३ हाल सम्म गरिएका कार्ययोजना अनुसारको उपलबिधि प्रतिवेदनवारे समिक्षा गर्ने ।
- ❖ याजना कार्यान्वयनवाट प्राप्त उपलब्धि/परिवर्तनहरु, चुनौती तथा सिकाईहरुलाई नगरवासी समक्ष सार्वजनिकरण गर्ने, पृष्ठपोषण लिने र आमामी योजनामा समावेश गर्ने ।
- ❖ स्थानीय निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउनु ।

# आर्थिक वर्ष २०७२/७३ मा हाल सम्मको प्रगति प्रतिवेदन


❖ लेखा शाखा

उर्लावारी नगरपालिका,मोरङ
आर्थिक वर्ष
२०७२/२०७३

कार्तिक महिना

२०७२/२०७३ मासिक बैक नगदी कितावु

| विवरण | बैंक डेविट | बैंक क्रेडिट | बैंकमा बाँकि रकम | बजेट क्रेडिट | विविध डेविट | विविध क्रेडिट |
|---|---|---|---|---|---|---|
| यो माहिनाको जम्मा | ५९५९०२.६५ | ९१३६००० | १९२६२३०८.०८ | १०९६० | ९१३६००० | ५८४९४२.६५ |
| अघिल्लो महिना सम्मको अ.ल्या. | ३१८५२४०५.४३ | ४०५०००० | २७८०२४०५.४३ | २८०९९ | ४०५०००० | ३१८१४६४१.४३ |
| कार्तिक सम्मको जम्मा | ३२४४८३०८.०८ | १३१८६००० | १९२६२३०८.०८ | ३९०५९ | १३१८६००० | ३२३९९५८४.०८ |




❖ **पञ्जिकरणः आ.व. २०७२।७३ को प्रथम चौमासिक सम्मको विवरण**

- जन्मः २४३ जना
- मृत्युः ६४
- विवाहः ९६ जना
- वसाईसराईः २३६
  - वसाईसरी आउनेः १७५
  - वसाईसराई गरि जानेः ६१
- सम्बन्ध विच्छेदः २

❖ **सामाजिक शाखाः आ.व. २०७२।७३ को प्रथम चौकासिक सम्म सामाजिक सुरक्षा भत्ताको विवरण**

- जेष्ठ नागरिक १४३४ जना
- दलित जेष्ठ नागरिक ११८ जना
- एकल महिला २७० जना
- विधवा ५४० जना
- अपाङ्ग (रातो कार्ड) ९४ जना
- अपाङ्ग ( निलो कार्ड ) ४६ जना
- दलित वालबालिका ५ वर्ष मुनिका २६२ जना

❖ योजना

आ.ब. २०७२।०७३ मा सञ्चालन हुने योजनाहरूको उपभोक्ता समिति गठन गर्ने समय तालिका

*समपुरक कोषबाट सन्चालन हुने योजनाहरू*

| सि.नं. | योजनाको नाम | वाड नं. | विनियोजित रकम | उपभोक्ता वाटको रकम ५०% | मिति | उपभोक्ता समिति अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| १ | स्कूल डँडा फागुचौक हुँदै मधुमल्ला सडक सम्म ड्रेन एवं कालोपत्रे | | २,०००,००० | २,०००,००० | २०७२।६।२१ | श्री कुल ब. प्रधान | ९,८४२,१३९,६६५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | उर्लावारी ६ जनचेतना मार्ग कालोपत्रे गर्ने | ६ | ८००,००० | ८००,००० | २०७२।६।१० | श्री भैरव कार्की | ९,८४२,१०४,४९७ |
| ३ | वडा नं. ७ देवी झोडा तेली खोलामा स्लाव कल्भेट निमार्ण गर्ने | | ५००,००० | ५००,००० | २०७२।६।१४ | श्री मोती लाल परियार | ९,८११,०२३,७५२ |
| ४ | मंगलवारे रामनगरबाट पुरानो मंगलबारे जाने तेलीखोलामा स्लाव कलभर्ट निर्माण गर्ने | ६ | १,०००,००० | १,०००,००० | २०७२।६।११ | श्री बाबुराम श्रेष्ठ | ९,८४२,१०४,४९७ |
| ५ | कृष्ण चौकबाट गोलचौक हुँदै सुनझोडा जाने बाटो ड्रेन निर्माण (इस्टिमेट अनुसार मात्र) | ६ | १,०००,००० | १,०००,००० | २०७२।६।१२ | श्री विरेन्द्र राय | ९,८०४,०६७,८६६ |
| ६ | वडा नं. ४ सेवासदनबाट प्रस्तावित रिङरोड जानेबाटो ड्रेन निर्माण गर्ने | | २५०,००० | २५०,००० | २०७२।६।१५ | श्री प्रेम ब. श्रेष्ठ | ९,८४२,०९९,८६२ |
| ७ | इटहरा रोड बाट पारसमणी घिमिरेको घर हुदै रीङरोड सम्म जोड्ने बाटो को ड्रेन निमार्ण | | २५०,००० | २५०,००० | २०७२।६।१५ | श्री पारसमणि घिमिरे | ९,८४२,१०५,३०९ |
| ८ | मंगलबारे वस स्टेण्ड बाट सिमसार जाने बाटोको पुलसम्म ड्रेन निमार्ण | ६ | ७००,००० | ७००,००० | २०७२।६।१३ | श्री चन्द्र प्र. गौतम | ९,८४२,५४१,०७४ |
| | जम्मा | | ६,५००,००० | ६,५००,००० | | | |
| नगर विकाश कोष वाट संचालन हुने योजनाहरू | | | | | | | |
| ११ | उर्लाबारी न.पा. भवन हुदै दक्षिण जाने बाटो ड्रेन निमार्ण | ५ | २,३००,००० | २,०००,००० | २०७२।६।१९ | श्री बुद्धि प्र. राई | ९८५१०७९०५३ |
| १२ | उर्लाबारी न.पा. भवन हुदै उत्तर खुर्साने जाने बाटो ड्रेन सहित कालोपत्रे निमार्ण | १ | २,३००,००० | २,०००,००० | २०७२।६।१९ | श्री लोक ब. कटुवाल | ९८१४०१५३१८ |

*चालु आ.व. ०७२□७३ मा ५०% लागत सहभागीताबाट सन्चालन हुने योजनाहरू*

| *सि.नं.* | *आयोजनाको नाम* | | *विनियोजित रकम* | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | महेन्द्र राजमार्गबाट उत्तर उर्लावारी खानेपानी जाने बाटोको दुवै तर्फ ड्रेन एवं कालोपत्रे निर्माण | | २,९१४,३०० | २,९१४,३०० | २०७२।६।२२ | श्री दुर्गा प्र. खतिवडा | ९,८४२,१००,६३४ |
| २. | उर्लावारी ६ महेन्द्र राजमार्गबाट वडा नं.७,८,९ सम्म जाने कृषि मार्ग कालोपत्रे | | २,९१४,३०० | २,९१४,३०० | २०७२।६।२४ | श्री तुलासा घिमिरे | ९,८४२,५३३,३१६ |
| ३. | उर्लावारी ४ वरगाछीबाट स्कूलडाँडा (महेन्द्र राजमार्ग) सम्म कालोपत्रे | | २९,१४,४०० म्याचि□ फन्ड १०,००,००० | २,९१४,४०० | २०७२।६।१९ | श्री कृष्ण प्रधान | ९,८५२,६७०,१२३ |
| | *जम्मा* | | *५,८२८,६००* | *८,७४३,०००* | | | |

## छलफलमा उठाएका जिज्ञासा तथा प्रश्नहरुः

- सुचारु हुन र कार्यान्वयन हुन नसकेका योजनाहरु कारण ?
- सामाजिक सुरुक्षा भत्ता समयमा वितरण हुन नसकेका कारण?
- योजनाको छनोट प्रक्रियाका आधार?
- सर्वसाधारणमा नगरपालिकाको सुचना प्रवाहको व्यवस्था?
- नगर बत्ती सुचारु हुन नसक्नुका कारणहरु?
- गोस खानाको व्यवस्थापन?
- नगरपालिकाको निमाणाधिन भवन सम्पन्नको र कार्यालय सार्नुपर्नेमा ढिलाईको कारण?
- नगरपालिकामा शव वाहनको व्यवस्थापन?
- नगरपालिकामा दमकलको व्यवस्थापन?
- मधुमल्ला रोडमा ढल व्यवस्थापन?
- उर्लाबारी नगरपालिकामा सार्वजनिक शौचालयको व्यवस्थापन?
- नया मंलबारे हाट लाग्ने राजमार्गको साँघुरो बाटो हुँदा बढी दुर्घटन भइरहेकोले त्यसको व्यवस्थापन?
- विशेष परिषदबाट पारित बजेटमा ५० प्रतिशत जनसहभागितामा समस्या र किस्ताबन्दि तरिकाको व्यवस्थापनमा जिज्ञासा?
- नगरपालिकामा दुव्यसनी बढिरहेकोहुदाँ सुधारकेन्दको व्यवस्थापन?
- वृद्ध, बालवालिका र युवाका लागि खेल मैदानको व्यवस्थापन?
- जिल्ला रा.खे.प. द्वारा विनियोजित १० लाख वजेटको समन्वयको अवस्था?
- नगरपालिका द्वारा साहित्य क्षेत्रमा वजेट विनियोजनको व्यवस्था?
- नगरपालिकामा बसपार्कको व्यवस्थापन?
- बक्राहा खोलाको घाटमा मलामिका लागि खानेपानीको पाईपलाईनको व्यवस्थापन?





सार्वजनिक कार्यक्रममा जिज्ञासा राख्दै सहभागिहरु

## छलफलमा उठाएका जिज्ञासा तथा प्रश्नहरुको स्पष्टताः

### ➢ सुवास श्रेष्ठ (श्रोत व्यक्ति)

- उपभोक्ता समितिले साझेदारीको रकम जम्मा हुन नसकनु, राजनीतिक अस्थिरता र इन्धन अभावले गर्दा योजना सुचारुमा केहि ढिलाई भएको ।
- समयमा जिल्ला विकास समितिद्वारा उर्लाबारीको खातामा रकम जम्मा नहुनु, वित्तिय सस्थाहरुबाटा सुरक्षाको कारण देखाउदै चेक रकम बराबरको भुक्तानी नदिनु नै सामाजिक सुरक्ष भत्ता समयमा वतरण हुन नसक्नुका कारणहरु हुन् ।
- योजना छनोट प्रक्रियाका आधारहरु भनेका वडा स्तरिया भेला र विशेष परिषद हुन् ।
- सर्वसाधारणमा नगरपालिकाको सुचनाको व्यवस्था निम्न अनुसार रहेको जनकारी
  - Θ नगरपालिकामा नागरिक बडापत्रको व्यवस्था
  - Θ नगरपालिकामा हेल्पडेक्स को व्यवस्था
  - Θ स्थानीय सञ्चारमाध्यम रेडियो इन्द्रेनीद्वारा नगरपालिकाको सम्पुर्ण कार्यक्रमहरु प्रशारण गरिरहने
  - Θ उजुरी पेटीकाको व्यवस्था
  - Θ कार्यालयको वेवसाईट मार्फत जानकारी

- उर्लाबारी चौकमा बत्तिको व्यवस्थापनका लागि सेवा प्रदायक व्यपारिहरुमा कोटेसन आव्हान गरिइसकेको
- गोसखानाको व्यवस्थापनका लागि यथासक्य चाडो व्यवस्थापनमा ध्यानाकर्षण भएको
- निर्माणधिन भवनको सम्पुर्ण कार्य नसकिएको हुदा यस आ.व. को बजेट पश्चात थप कार्यगर्नका लागि बोलपत्र आव्हान गरिसकेको हुँदा यस आ.व.मा बाँकि काम पुरा गरि नया भवनमा कार्यलय सञ्चालन हुने सम्भावना
- नगरपालिकामा  शववाहन र दमकलको व्यवस्थापनका लागि कार्यलयले सम्बन्धित सरोकारवाला निकायहरुलाई जानकारी गराईसकेको र थप पहल गर्ने
- सार्वजनिक शौचालयको लागि उचित स्थानमा जग्गाको व्यवस्थापन भएमा बजेट विनियोजनको लगि पहल
- नया मंलबारे हाट उत्तरको राजमार्ग बाटो साँघुरो भएको हुँदा सम्बन्धित सडक विभाग कार्यालयलाई जानकारी गराईसकेको
- नगरपरिषदको बैठकमा छलफल गरि केहि सम्भावना भएका जानकारी गराने
- सुधारकेन्द्र, खेल मैदानको व्यवस्थापनको लागि आगामी हुन गैरहेको परिषद मार्फत आउनुपर्ने र त्यसमा विचार गर्न सकिने
- जिल्ला रा.खे.प. द्वारा विनियोजित बजेटको आधिकारिक जानकारी कार्यालयमा नभएको हुदा सम्बन्धित कार्यलयसँग समन्वय पश्चात जानकारि हुने
- साहित्य क्षेत्रमा केहि बजेट विनियोन गर्न सकिने तर नगरपरिषद सहमतिमा र धेरै साहित्य क्षेत्रका सस्थाहरुलाई एउटै छाता संगठनमा आवद्व भई मिलेर कार्यक्रम गर्न आव्हान
- उर्लाबारीमा वसपार्क निर्माणको लागि रकम आएको हुँदा जग्गा अनुदानको व्यवस्था भएमा वसपार्क निमार्ण गर्न सकिने हँदा राजनितिक प्रतिनिधिहरुलाइ सहयोगको अपिल
- वक्राहा घाटमा मलामीको लागि खानेपानीको व्यवस्थ गर्न सम्बन्धित निकाय र सरोकारवाला समितिसँग जानकारि गराई छलफल गरिने



सार्वजनिक सुनुवाईमा आएका जिज्ञासाहरुको उत्तर दिदै कार्यकारी अधिकृत सुवास श्रेष्ठ

## कार्यक्रमका सवल पक्षहरुः

- सहभागि संख्या र क्षेत्रका महानुभावहरु ....महिला र ....पुरुष गरि जम्मा ... जना,
- कार्यक्रमको सटिम प्रस्तुती,
- प्रष्ट कार्यक्रम सञ्चालन,
- कार्यक्रमको आचार संहिता
- अनुसासित पश्न उत्तर कार्यक्रम,
- समयको पालना र
- खुल्ला र सबैको पहुँचमा सहभागिता ।

## कार्यक्रमका सुधारात्मक पक्षहरुः

- हलमा वढी भिडभाड भएकोले कुर्सी तथा साउण्ड सिस्टन,
- अतिथि ग्रहणमा महिला सहभागिता,
- प्रस्तुति मल्टिमिडिया मार्फत नहुनु,
- समयको अभाव र
- सामुहीक सहभागिता अर्थात समुह प्रस्तुती ।

## निश्कर्ष तथा आगामी प्रतिवद्धताः

- सवै योजनाहरुको योजना स्थलमा नै सबै सुचनाहरु प्रष्टहुने गरि सुचना अनिवार्य रुपमा राख्ने ।
- सामाजिक सुरक्षा भत्ता समयमा नै वितरणका लागि बैकमार्फत व्यवस्थापन गर्ने ।
- सबै वडा नागरिक मञ्चहरुको पुर्नगठन तथा अभिमुखीकरण गर्ने ।
- याजना तर्जुमा प्रकृयालाई वृहत तथा सहभागिमुलक बनाउने ।
- एकिकृत सम्पति कर लागु गर्ने ।
- सबै सुचनालाई छिटो र छरितो माध्यमद्धारा प्रसारण र प्रकाशन गर्ने ।
- स्थानीय सबै संघसस्थाहरुलाई एकद्धार प्रयास गर्ने ।

## सुझाव तथा सिफारिसः

- सवै राजनितिक दल, वडा नागरिक मञ्च र स्थानीय सरोकारवालाहरुको संयुक्त प्रयासबाट कार्यक्रम संचालन गरिएमा प्रभावकारी हुनेछ ।
- बस्ति तथा समुदाय स्तरमा योजना तर्जुमा गर्दा नै राजनैतिक दलका प्रतिनिधिहरुलाई समेत समेटेर योजना निर्माण गरिएमा अझ प्रभावकारी हुनेछ ।
- वडा नागरिक मञ्चको गठन गर्दा पहिला अभिमुखिकरण र सकेसम्म धेरैको सहभागिता गराएर नर्ग उपयुत्त हुनेछ ।
- सामाजिक परिचालन समन्वय समिति लगायत सबै समितिहरुलाई समयसापेक्ष परिचालन गरि कर्यक्रम सञ्चालन गनृ र समावेसीताको सिद्धान्त अवलम्बन गर्नुपर्ने
- नगरपालिकाका काम कर्तव्य सम्बन्धि सर्वसाधारणलाई समय समयमा जानकारीमुलक गतिविधिहरु सञ्चालन गर्ने ।
- नागरिक वडा पत्रलाई बुकलेट बनाएर सबै घरधुरिमा वितरण गर्ने र
- न्यनतम शर्त तथा कार्यसम्पादन मापन सम्बन्धि अभिमुखिकरण गर्ने ।
- वडा नागरिक मञ्चको गठन गर्दा पहिला अभिमुखिकरण र सकेसम्म धेरैको सहभागिता गराएर गर्न उपयुक्त हुनेछ ।
- सामाजिक परिचालन समन्वय समिति लगायतका सवै समितिहरुलाई समयसापेक्ष परिचालन गरि कार्यक्रम सञ्चालन गर्न र समावेसीताको सिद्धान्त अवलम्बन गर्नुपर्ने ।
- सबै समितिमा आवद्ध सदस्यहरुलाई योजना तर्जुमाका विधिहरु, मुल्याङ्कनका विधिहरु आफ्ना काम कर्तव्यको बारेमा क्षमता अभिवृद्धिका गतिविधिहरु सञ्चालन गर्ने ।
- नागरिक वडापत्र वुकलेट बनाएएर सबैमा वितरण गर्ने ।
- न्युनतम शर्त तथा कार्यसम्पादन मापन सम्बन्धि अभिमुखिकरण गर्ने ।

## कार्यक्रमका केहि झलकहरु:



कार्यक्रम सुञ्चालनको तयारिकार्यक्रममा



कार्यक्रममा उपस्थितराजनीतिक प्रतिनिधिहर



कार्यक्रममा जिज्ञासा राख्दै



सहभागिहरुउपस्थित सहभागिहरुका जिज्ञासा टिपोट गर्दै कार्यकारि अधिकृत

प्रतिवेदक
महेश लामिछाने
कार्यक्रम संयाजक
स्थानीय शासन तथा सामाजिक विकास कार्यक्रम, उर्लाबारी
एक्टिभ नेपाल विराटनगर